# मायादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पकडी, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

वेवसाईट : www.mayadevimunkapilvastu.gov.np
ईमेल : mayadevirm@gmail.com

पत्र संख्या : ०७७/७८
चलानी नं. :

**नगर प्रहरी आवश्यकता सम्बन्धी सूचना।**
(प्रथम पटक प्रकाशित मितिः २०७८।०२।०३)

प्रस्तुत विषयमा हाल विश्वव्यापीरूपमा तिव्र गतिमा फैलिरहेको दोस्रो भेरियन्टस सहितका कोभिड-१९ को प्रकोप यस मायादेवी गाउँपालिकामा समेत दिनानु-दिन तिव्ररूपमा बढी रहेको अवस्था छ तसर्थ उक्त प्रकोप नियन्त्रण तथा व्यवस्थापनका लागि थप सुरक्षाकर्मीकोरूपमा नगर प्रहरी कर्मचारीहरूको भूमिका अपरिहर्य भएकोले नगर प्रहरी पदको लागि सेवा करारमा कर्मचारीहरु नियुक्त गर्नुपर्ने भएको हुदाँ योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले आफ्नो व्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्र तथा शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रहरु, गाउँपालिका कार्यालयको राजश्व शाखामा नगर प्रहरी सहायक निरिक्षक पदको लागि रु.७००।- र नगर प्रहरी जवानको लागि रु. ५००।- बुझाएको रसिद संलग्न राखि यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदक स्वयं उपस्थित भई गाउँपालिकाले तोकेको ढाँचामा यस कार्यालयको कर्मचारी प्रशासन शाखामा दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

**क. पदको विवरणः**

| क्र.सं. | विज्ञापन | पद | तह/ श्रेणी | आवश्यक संख्या | सेवाको प्रकार |
|---|---|---|---|---|---|
| १ | १८/०७७-०७८ | नगर प्रहरी सहायक निरिक्षक | सहायक स्तर चौथो | १ जना | करार |
| २ | १९/०७७-०७८ | नगर प्रहरी जवान | श्रेणी विहिन | २० जना | |

**ख. आवश्यक योग्यताः**

१. नेपाली नागरिक हुनुपर्ने।
२. उमेरः दरखास्त आह्वान भएको अन्तिम मिति सम्म १८ वर्ष उमेर पुगेको र ४० वर्ष ननाघेको हुनु पर्नेछ।
३. शैक्षिक योग्यताः नगर प्रहरी सहायक निरिक्षकको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.ई.ई. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनु पर्ने र नगर प्रहरी जवानको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा आठ परीक्षा उत्तीर्ण गरेको हुनु पर्नेछ।
४. सवारी चालक अनुमति पत्र प्राप्त गरेकोलाई प्राथमिकता दिइने।
५. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।
६. भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको।
७. उचाई, छाती र तौलः
   (क) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई भएको।
   (ख) छाती नफूल्लाउँदा घटीमा ३१ ईन्च र फुल्लाउँदा ३३ ईन्च भएको।
   (ग) पुरुषको हकमा तौल कम्तीमा ५० केजी र महिलाको हकमा तौल कम्तीमा ४२ केजी हुनु पर्नेछ।
८. आँखा -२ वा +२ भन्दा बढी कमजोर नभएको।
९. सुविधाः गाउँपालिकाले तोके बमोजिम हुनेछ।
१०. छनौट प्रक्रियाः पदपूर्ति समितिले तोके बमोजिम हुनेछ।

नोटः दरखास्त फारम पाठ्यक्रम तथा अन्य जानकारी कार्यालयको बेभसाईट **www.mayadevimunkapilvastu.gov.np** तथा गाउँपालिका कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

.......................
कृष्ण प्रसाद सिमिल्सिना
**प्रमुख प्रशासकीय अधिकृत**